संयुक्त प्रेस विज्ञप्ति

२०६७ चैत ६

## सरकारलाई जातीय विभेदको अन्त्य गर्ने आफ्नो प्रतिबद्धता पूरा गर्न राष्ट्रिय दलित आयोग तथा उच्चायुक्तको कार्यालयद्वारा आह्वान

काठमाडौं – राष्ट्रिय दलित आयोग (आयोग) तथा नेपालस्थित संयुक्त राष्ट्रसङ्घीय मानवअधिकार उच्चायुक्तको कार्यालय (उच्चायुक्तको कार्यालय-नेपाल)ले जातीय विभेद उन्मूलनसम्बन्धी अन्तर्राष्ट्रिय दिवसको पूर्वसन्ध्यामा सरकारलाई जातीय विभेदलगायतका सबै प्रकारका विभेदहरू अन्त्य गर्ने आफ्नो प्रतिबद्धता पूरा गर्न आवश्यक कदमहरू चाल्न आह्वान गरेको छ।

नेपालको मानवअधिकार स्थितिको जेनेभास्थित संयुक्त राष्ट्रसङ्घीय मानवअधिकार परिषद्द्वारा विश्वव्यापी आवधिक समीक्षा (यूपीआर) मार्फत् हालै समीक्षा गरिएको थियो। संयुक्त राष्ट्रसङ्घीय सदस्य राष्ट्रहरूद्वारा गरिएका सिफारिसहरूमध्ये कतिपय विभेदसँग सम्बन्धित थिए। यी अधिकांश सिफारिसलाई स्वीकार गरेर, सरकार सबै प्रकारका विभेदको उन्मूलन गर्ने प्रतिबद्धता व्यक्त गर्दै जातीय विभेद तथा छुवाछुतसम्बन्धी विधेयक पारित गरी कानुन निर्माण गर्न सहमत भयो। आयोग तथा उच्चायुक्तको कार्यालयले यो महत्त्वपूर्ण प्रतिबद्धताको स्वागत गर्नुका साथै उनीहरू यूपीआरका सिफारिस कार्यान्वयनका लागि आवश्यक ठोस कार्यमा सरकारलाई सहयोग गर्न तत्पर छन्।

नेपालमा विभेद व्यापक रहेको छ र त्यसबाट लिङ्ग, जात, जातीयता, अपाङ्गता, यौन झुकाव र धर्मको आधारमा दसौं लाख नेपालीहरू राजनीतिक, सामाजिक र आर्थिक बहिष्करणमा परेका छन्। सबै प्रकारका जातीय विभेद उन्मूलनसम्बन्धी अन्तर्राष्ट्रिय महासन्धि, नेपालको अन्तरिम संविधान तथा अन्य राष्ट्रिय कानुनहरूअन्तर्गत, जातीय विभेद तथा छुवाछुत नेपालका धेरै दलितका लागि एउटा यथार्थको रूपमा रहेको छ। उच्चायुक्तको कार्यालय र आयोगले आफ्ना अनुगमनमार्फत् जातीय विभेदबाट उत्पन्न भौतिक आक्रमण, आगजनी, बलपूर्वक विस्थापन, यौन हिंसा र श्रम शोषणका घटनाहरू निरन्तर भइरहेको पुष्टि गरेका छन्।

"गहिरोसँग जडा गाडेर रहेको विभेदलाई नेपालको द्वन्द्वका मूल कारणहरूमध्ये एक मानिन्छ," उच्चायुक्तको कार्यालय-नेपालकी प्रमुख ज्योति साङ्घेराले भन्नुभयो।"यूपीआर प्रक्रियाले नेपाल सरकारलाई जातीय विभेदको अन्त्य गर्ने आफ्नो प्रतिबद्धतामा अगाडि बढ्न महत्वपूर्ण अवसर प्रदान गरेको छ। सरकारलाई उच्चत्तम अन्तर्राष्ट्रिय मानवअधिकार मापदण्डअनुरूप जातीय विभेद तथा छुवाछुतका सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयकलाई तत्काल पारित गर्न आग्रह गरिन्छ।''

आयोगका अध्यक्ष बिजुल विश्वकर्माले थप भन्नुभयो "जातीय विभेदलाई अपराधका रूपमा परिभाषा गरिनैपर्छ तथा यस्ता कार्यसम्बन्धी दण्डहीनताको अन्त्य गर्न पीडकहरूविरुद्ध कारबाही गर्ने सशक्त कानुनी प्रावधानहरू हुनैपर्छ। जातीय विभेद तथा छुवाछुतका सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक पारित गर्ने कार्यले पीडितहरूलाई न्यायमा उचित तथा शीघ्र पहुँच प्रदान गर्नमा सर्वाधिक महत्त्व राख्दछ।"

Office of the High Commissioner for Human Rights
Tel.: + 977 1 4280164
Fax: + 977 1 467 0712
Website: http://nepal.ohchr.org
For further information, contact
Chun Gurung
Ext. : 320
Email: cgurung@ohchr.org
Mobile: 98510 16937

National Dalit Commission, Nepal
Tel: +977 1 4479828
Website: http://www.ndc.gov.np
Jeevan Pariyar
Email: info@ndc.gov.np
Mobile: 9841 385211